# गैर आवासीय नेपाली संघ

## अन्तरास्ट्रिय समन्वय परिषद
(मिडिया टास्क फोर्स)

**भूमिका**

सूचना र प्रबिधिको एक्काईसौं शताब्दीको यो यूगमा संसारलाई सुसोचित गर्न मिडियाको भूमिका अत्यन्तै महत्वपूर्ण छ । मिडियामा प्रकाशित भएका समाचारहरु हेरेर, पढेर र सुनेर नै संसार भरका मनिसहरुले आफ्नो धारणा निर्माण गर्ने गरेका छन् । त्यसको लागि संस्थाले गरेका कामहरुलाई निस्पक्ष र पारदर्शी ढंगले सार्वजनिक गरिनु पर्दछ । संस्थाका हरेक गतिबिधीलाई संचारका बिभिन्न माध्यमहरु जस्तै टेलिभिजन, रेडियो, छापा पत्रपत्रीका, अनलाइन मिडिया र सामाजिक संजालहरु आदि मार्फत यस संस्थामा आबद्द अभियन्ता देखि संसारभरमा रहेका संस्थालाई माया गर्ने गैर आवासीय नेपालीहरु सामु पुर्याउनु आवश्यक छ ।

तसर्थ गैर आवासीय नेपाली संघ (एनआरएनए) अन्तराष्ट्रिय समन्वय परिषद (आईसीसी) अन्तर्गत प्रबक्ताको प्रत्यक्ष मातहतमा रहेर एनआरएनएले गरेका कामहरुलाई संचारका बिभिन्न माध्यम मार्फत विश्वसामु पुर्याउन यस् मिडिया टास्क फोर्सको गठन गरिएको छ ।

**उद्देश्यहरु**

१) केन्द्रिय समिति र संस्थाका अन्य अधिकारिक धारणाहरुलाई मिडिया मार्फत सार्वजनिक गर्ने ।
२) संस्थाको बारेमा आएका बिभिन्न आलोचना र सुझाबहरुलाई प्रबक्ता मार्फत संस्थालाई जानकारी गराई संस्थाको गरिमालाई उच्च बनाउन महत्वपूर्ण भूमिका निर्बाह गर्ने ।
३) संस्थाको महत्व र उद्देश्यलाई विश्वभर छरिएर रहेका गैर आवासीय नेपालीहरु माझ पुर्याई उनिहरुलाई एनआरएनएको छाता मुनी गोलबद्द गर्न सहयोग गर्ने ।

**गर्नुपर्ने कार्य र जिम्मेवारी सम्बन्धमा**

१) अन्तरास्ट्रिय समन्वय परिषद र राष्ट्रिय समन्वय परिषदले प्रकाशित गरेका बिज्ञप्ति र अन्य जानकारीहरुलाई बिभिन्न मिडिया मार्फत प्रकाशित गर्ने ।
२) नेत्रित्वका अधिकारिक धारणा र भनाइहरुलाई समाचारको रुपमा नियमित प्रकाशित गर्ने गराउने ।
३) संस्थाका गतिबिधीलाई सामाजिक संजालमा प्रभाबकारी रुपमा प्रचार गर्ने ।
४) हरेक तीन महिनामा (त्रैमासिक) जोर्नल प्रकाशित गर्ने ।
५) बैदेशिक रोजगार र परोपकारी कामहरुको सम्बन्धमा सम्बन्धित बिभागीय प्रमुखलाई हरेक तीन तीन महिनामा स्पेसल रिपोर्टिङ गर्ने ।
६) सामाजिक संजाल र बिभिन्न माध्यममा आएका जनगुनासोहरुलाई प्रबक्ताले अध्यक्षसँग छलफल गरी कम्तीमा महिनाको एक पटक फेसबूक लाइभ मार्फत सम्बोधन गर्ने ।
७) संस्थाले जारी गर्ने शुभकामना, बधाई तथा समबेदना आदिको स्ट्याण्डर्ड फर्म्याट तयार गर्ने ।
८) संस्थाका बिभिन्न ५ बिभागहरुको सुचना प्रकाशित गर्न तथा आवश्यक सुझाब प्रदान गर्न ५ अलग अलग उपसमिति निर्माण गरी बिभागीय संयोजक तोकिनेछ । बिभिन्न बिभाग हेर्ने संयोजकहरुले आफ्नो आफ्नो क्षेत्रमा भएका बाह्य र आन्तरिक घटनाक्रमहरुलाई अध्ययन गरी बिभाग प्रमुखहरुलाई सुझाब दिनेछन ।

९) गैर आवासीय नेपालीहरुका दोश्रो पुस्तामा रहेको बिशेष क्षमता र दक्षतालाई विश्वसामु चिनाउन मिडिया मार्फत 'ट्यालेन्ट हन्ट इन द सेकेन्ड जेनेरेसन' अभियान सन्चालन गरिनेछ । जसले गर्दा उनिहरुको क्षमता र दक्षतालाई विश्वले चिन्नेछ भने दोस्रो पुस्तालाई थप हौसल मिल्नेछ ।
१०) बिदेशी भुमीमा रहेर पेशागत दक्षता र सफलता हासिल गरेका गैर आवासीय नेपालीहरुका सफलताका कथाहरुलाई प्रेरणाको श्रोतको रुपमा आम जनसमुदायमा पुर्याइनेछ ।
११) नेत्रित्व र पदाधिकारीहरुका अधिकारिक बैठकहरु तथा बिभागहरुको छुट्टाछुट्टै अभिलेखीकरण गरी एनआरएनए दिवस भन्दा एक महिना अघी बाट नै बृस्तित रिपोर्ट बनाइ प्रचारप्रसार गरिनेछ ।
१२) बिदेशमा रहेका नेपालीहरु बिच एनआरएनएको महत्व र उद्देश्यहरु बारे बृहत रुपमा मिडिया क्याम्पेन गरिनेछ । जसले गर्दा गैर आवासीय नेपालीहरुलाई एनआरएनएनको छाता मुनी गोलबन्द गर्न मद्दत पुग्नेछ ।
१३) यूवा तथा महिलाहरुलाई नेत्रित्व बिकासमा टेवा पुग्ने हेतुले तत सँयोजकसँग छलफल गरी यूवा तथा महिला सम्बन्धी कार्यक्रमहरुलाई बिशेष प्राथमिकताको साथ प्रकाशन तथा प्रसारण गरिनेछ ।
१४) भिजिट नेपाल २०२० लाई सफल बनाउने एनआरएनएले चालेको अभियान 'एक गैर आवासीय नेपाली एक पर्यटक' लाई सफल बनाउन मिडिया टास्क फोर्सको उपसमिति बनाइ बिभिन्न मिडिया मार्फत विश्वभर क्याम्पेन सुरु गरिनेछ । आफु रहेको देशबाट प्रकाशित हुने राष्ट्रिय मिडियाहरुमा सो सम्बन्धी समाचार लेखहरु छाप्न छपाउन भूमिका खेलिनेछ ।

**चुनौतीहरु**

संस्थाको आकार बढेसँगै चुनौतीहरु पनि थपिनु स्वाभाविक हो । पछिल्ला दिनहरुमा नियोजित रुपमा संस्था प्रति नकारात्मक भ्रम फैल्याइ संस्थाको गरिमालाई धमिल्याउने क्रम बढेको छ । संस्थाका आन्तरिक छलफलका क्रममा रहेका कुराहरुलाई अनलाइन मिडियामा लेख्ने, बोल्ने र नेत्रित्वलाई नै खुइल्याउने प्रबृत्ती पनि बढेको छ । गलत र भ्रमात्मक कुराहरुलाई प्रचारप्रसार गरेर संस्थाको गरिमा बढ्दैन । तसर्थ यस्ता प्रबृत्तीलाई रोक्न, भ्रमहरुलाई चिर्न र संस्थाको गरिमालाई उँचो बनाइ राख्न जरुरी छ । संस्थाले गरेका राम्रा कामहरुको निरन्तर प्रचारप्रसार गरी नियोजित रुपमा आएका यस्ता अनर्गल प्रचारलाई न्युनिकरण गर्नुपर्ने चुनौती रहेको छ ।

**परोपकारी काम**

हरेक दुई बर्षमा ३ जना पत्रकारहरुलाई पुरस्कार राशीले समानित गर्ने । जसको निर्णय र छनौट टास्क फोर्सको सिफारिसमा आएसले अन्तिम निर्णय गर्नेछ । आवश्यक परेको खण्डमा आएसले अध्ययन गरी अन्तिम सिफारिसको लागि संचार क्षेत्रका बिज्ञहरु सम्मिलित टोली बनाउन सक्नेछ । पुरस्कारको राशी सम्बन्धमा यस टास्क फोर्ससँग छलफल गरी आईएसले आवश्यक निर्णय लिन सक्नेछ ।

डिबी क्षेत्री
प्रबक्ता
संयोजक-मिडिया एण्ड पब्लिकेशन टास्क फोर्स (२०१९-२०२१)
गैर आवासीय नेपाली संघ, अन्तराष्ट्रिय समन्वय परिषद ।